का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ कात्तिक २०७९,
शनिबार
22 October 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २५१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गठबन्धनकै डर गठबन्धनकै भर

पाँच दलीय सत्ता गठबन्धन र नेकपा एमाले नेतृत्वको विपक्षी गठबन्धनका शीर्ष नेताहरूको सार्वजनिक अभिव्यक्तिले प्रदेश र प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरु चुनावी नतिजाप्रति गठबन्धनकै भर र गठबन्धनकै डरमा रहेको देखाउँछ ।



धेरै ठूलो लडाइँपछि प्राप्त संघीयता, गणतन्त्र, समावेशिता समाप्त पार्ने प्रयास भइरहेको छ । यसलाई बचाउन बनेको गठबन्धन चुनावपछि पनि रहन्छ र गठबन्धनकै सरकार बन्ने हो, यो १०-२० वर्षसम्म जानसक्छ ।

■ **शेरबहादुर देउवा**
प्रधानमन्त्री



अदालत सदालत धेरै बसे । मेरो नेतृत्वको सरकार हटाए । त्यो सबै सच्याउने गरी जनताको महाअदालत मंसिर ४ गते बस्दैछ । त्यसले महाफैसला गर्नेछ । त्यो महाफैसला सही हुनु पर्दछ ।

■ **केपी शर्मा ओली**
अध्यक्ष, एमाले



चुनाव सकिएपछि गठबन्धन सकिन्छ, मेरो पार्टीलाई जिताउँछु अरु जेसुकै गरुन् भन्ने नसोचौं । त्यसरी सोच्यों भने आत्मघाती हुनेवाला छ । हामी एउटै डुङ्गामा छौं, जिते सबैले जित्ने र हारे सबैले हार्नेवाला छौं ।

■ **प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र

**दिवाकर अधिकारी-मध्यान्ह**
काठमाडौं, ४ कात्तिक

निर्वाचन आयोगले आम चुनावको प्रचार प्रसार अवधि सुरु भएको घोषणा गरेको छैन् । बरु मतदान हुने १७ दिन अगावै आमसभा, भेला जस्ता कार्यक्रम नगर्ने राजनीतिक दल र उम्मेदवारहरूलाई भनिरहेको छ । तर, सत्ता गठबन्धन र एमाले नेतृत्वको विपक्षी गठबन्धनका नेताहरु देशव्यापी चुनावी प्रचारमा जुटिसके । सत्ता गठबन्धनले शुक्रबार बुटवलमा लुम्बिनी प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमको आयोजना गर्यो । प्रशिक्षण कार्यक्रमलाई सत्ता गठबन्धनमा आवद्ध दलका शीर्ष नेताहरुले सम्बोधन गरे ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधान, संघीयता, समावेशिता बचाउन गठबन्धन आवश्यक रहेको जिकिर गर्दै चुनावपछि पनि गठबन्धन सरकार बन्ने बताए। अर्थात, चुनावपछि अर्को गठबन्धन बन्छ कि भन्ने नेता-कार्यकर्ताको आशंका चिर्ने प्रयास गरे । यही प्रयास चिर्न उनले वर्तमान सत्ता गठबन्धन अझै १०-२० वर्ष कायम रहन सक्ने बताए । 'धेरै ठूलो लडाइँपछि संविधानले दिएका संघीयता,गणतन्त्र,समावेशीता समाप्त पार्ने प्रयास भइरहेको – बाँकी पृष्ठ २ मा

## रोकिएन आचारसंहिता उल्लंघन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ कात्तिक

आगामी मंसिरमा हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा शीर्षस्थ नेताहरु नै आचारसंहिता विपरितका कामहरु गर्न थालेका छन् । चुनावमा उम्मेद्वारी दिएका विभिन्न दलका शीर्षस्थ नेताहरुले जनतालाई प्रलोभनमा पार्ने अभिव्यक्ति, राहात र पैसा बाँडेको भन्दै निर्वाचन आयोगले स्पष्टीकरण सोध्नेदेखि कारवाहीको चेतावनी समेत दिएको हो ।

रौतहट क्षेत्र नम्बर १ का उम्मेदवार रहेका नेकपा एकीकृत समाजवादीका नेता माधव नेपालले – बाँकी पृष्ठ २ मा

धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं

एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।

एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चुनावी सुरक्षामा चासो

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ कात्तिक

राष्ट्रिय मानव अधिकार आयोगले चुनावी सुरक्षाबारे चासो राखेको छ । आयोगका सहसचिव एवं प्रवक्ता डा. टीकाराम पोखरेलका अनुसार आयोगका अधिकारीहरुले सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरुसँगछलफल गरेका छन् । छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका कार्यवाहक अध्यक्ष डा. सूर्य ढुङ्गेलले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुने बताए । सुरक्षा व्यवस्थामा आपसी सहकार्य र समन्वय हुनुपर्नेमा पनि उनको जोड छ ।

सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिहरूले शान्तिसुरक्षाको वर्तमान अवस्था, विगतको निर्वाचनको सुरक्षा अनुभव, आगामी निर्वाचनमा आउनसक्ने सुरक्षा चुनौतीलाई ख्याल गरेरै सुरक्षा तयारी गरिएको बताएका छन् । छलफलमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक धिरजप्रताप सिंह, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक युवराज अर्याल एवम् सुरक्षा निकायका अधिकृत लगायतको उपस्थिति थियो । आगामी मंसिर ४ गते प्रदेशसभा र प्रतिनिधिसभा सदस्यका लागि – बाँकी पृष्ठ २ मा

### राजु गुरुङको उम्मेदवारी खारेज

# गठबन्धनलाई आहत, पौडेललाई राहत


स्थानीय नेताहरूका अनुसार रुपन्देही - २ मा सत्तागठबन्धनका साझा उम्मेदवार गुरुङको उम्मेदवारी खारेज भएसँगै विपक्षी एमाले उम्मेदवार एवं पूर्वअर्थमन्त्री विष्णु पौडेललाई राहत भएको छ । किनभने, पौडेलका प्रतिस्पर्धीमा सत्तारुढ गठबन्धनको उम्मेदवार नै छैनन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ कात्तिक

रुपन्देही-२ का एकीकृत समाजवादीका उम्मेदवार राजु गुरुङको उम्मेदवारी खारेज भएको छ । शुक्रबार सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडा र कुमार रेग्मीको संयुक्त इजलासले गुरुङको उम्मेदवारी खारेज हुने निर्वाचन आयोगको निर्णय सदर गरिदिएको हो ।

संयुक्त इजलासले तत्काल खारेज नगर्न यसअघि सर्वोच्चले नै दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने आदेश दिएको हो ।

रुपन्देही-२ का निर्वाचन अधिकृत उदवीर नेपालीले गुरुङको नाम बैंकिङ कसुरमा कालोसूचीमा रहेको भन्दै उम्मेदवारी खारेज गरिदिएका थिए । उनले निर्वाचन अधिकृतको निर्णयविरुद्ध सर्वोच्चमा रिट दिएका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको एकल इजलासले गुरुङको उम्मेदवारी तत्काल खारेज नगर्न अल्पकालीन अन्तरिम आदेश दिँदै दुबै पक्षलाई छलफलमा बोलाएको थियो ।





शुक्रबार ईश्वरप्रसाद खतिवडा र कुमार रेग्मीको संयुक्त इजलासले गुरुङ कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेकाले – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## श्रमका पाँच कार्यालयलाई कोटा तोकेर स्वीकृतिको अधिकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ कात्तिक

वैदेशिक रोजगार विभागले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका पाँच वटा श्रम तथा रोजगार कार्यालयलाई निश्चित संख्यामा पूर्व र अन्तिम स्वीकृति प्रदान गर्ने अख्तियारी दिएको छ ।

विभागले श्रम तथा रोजगार कार्यालय धनगढी, सुर्खेत, पोखरा, जनकपुर र विराटनगरलाई वैदेशिक रोजगारमा कामदार पठाउन निश्चित संख्यामा पूर्व तथा अन्तिम स्वीकृति प्रदान गर्ने अधिकार दिने निर्णय भएको जनाएको छ । क्षेत्रीय विमानस्थलका रूपमा रहेको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेको जजिरा एयरले यात्रुको अभावमा उडानमा कटौती गर्ने निर्णय सार्वजनिक गरेपछि विभागले क्षेत्रीयरूपमा श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरेको हो ।

उल्लेख्यित पाँच वटा श्रम तथा रोजगार कार्यालयलाई वैदेशिक रोजगारको श्रम स्वीकृति सम्बन्धी कार्य गर्ने अधिकारी यसअघि – बाँकी पृष्ठ २ मा

### रेमिट्यान्स र श्रम स्वीकृति दुबै बढ्यो

**काठमाडौं/रासस-** चालू आर्थिक वर्षको दोस्रो महिना अर्थात् भदौको अन्त्यसम्म रु एक खर्ब ८७ अर्ब चार करोड बराबरको रेमिट्यान्स भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आवको दोस्रो महिनासम्मको विवरणअनुसार रेमिट्यान्स आप्रवाह १९ दशमलव आठ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह पाँच दशमवल आठ प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ११ दशमलव तीन प्रतिशतले वृद्धि भई रु एक अर्ब ४७ करोड पुगेको छ । – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार कार्यालय कात्तिक ७ र ८ गते पनि खुल्ने

**काठमाडौं/मस-** तिहारका अवसरमा अन्य सरकारी कार्यलय बन्द हुने भएपनि वैदेशिक रोजगार कार्यालय, ताहाचल काठमाडौं कात्तिक ७ र ८ गते खुला रहने भएको छ । वैदेशिक रोजगार ताहाचल कार्यालयले शुक्रबार एक सूचना जारी गरी उक्त जानकारी दिएको हो ।

कार्यालय खुला रहेको दिन संस्थागत तथा पुनः श्रम स्वीकृतिको काम सुचारु हुने समेत काठमाडौं कार्यालयले बताएको छ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रतिनिधि सभा सदस्य
तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

निर्वाचन आचारसंहिता

निर्वाचन आचारसंहिता कसले जारी गर्छ ?
- निर्वाचन आयोगले

निर्वाचन आचारसंहिता किन ?
- स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय तरिकाले निर्वाचन सम्पन्न गर्न
- निर्वाचनलाई कम खर्चिलो र मर्यादित बनाउन
- अनुचित र अस्वस्थ प्रतिष्पर्धा तथा साधन स्रोतको दुरुपयोगलाई रोक्न
- स्वतन्त्र रुपले प्रतिनिधि छनौटको आधार तय गर्न

आचारसंहिता कस-कसले पालना गर्नुपर्छ ?
- राजनीतिक दल वा उम्मेदवारका तर्फबाट प्रचार-प्रसारमा संलग्न व्यक्तिहरूले
- नेपाल सरकारले
- सरकारी, अर्धसरकारी, स्थानीय तहका कर्मचारी तथा निर्वाचनमा संलग्न कर्मचारीले
- सरकारी, अर्धसरकारी, स्थानीय तहका कार्यालय तथा संघ संस्थाले
- सरकारी तथा निजी आम सञ्चार माध्यमले
- गैरसरकारी संस्थाले
- मतदाता, सबै सम्बन्धित सरोकारवाला, निर्वाचनमा खटिएका सुरक्षाकर्मी र कर्मचारीले


निर्वाचन प्रचारप्रसारका लागि पोस्टर टाँस्न पाईंदैन ।


मत खरीद-बिक्री गर्न पाईंदैन ।


कुनै पनि प्रकारका हातहतियारहरू प्रदर्शन गर्न पाईंदैन ।


मतदातालाई डर देखाउन र धम्की दिन पाईंदैन ।


निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै भोजभतेर गर्न पाईंदैन ।

मतदान मिति : २०७९ साल मंसिर ४ गते, आइतबार
मतदान समय : बिहान ७ बजे देखि साँझ ५ बजेसम्म

website: www.election.gov.np
e-mail: info@election.gov.np

# बढ्दो महंगी

**काठमाडौं/मस–**नेपालमा पछिल्लो समय महंगी ह्वातै बढेको छ। सामान्य मजदुरका लागि महंगीले अत्याएको छ। नेपाल राष्ट्र बैंकको तथ्यांकले पनि महङ्गी बढ्दै गएको देखाउँछ। भदौ महिनामा ८.६४ प्रतिशतले महंगी बढेको छ। शुक्रबार नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.४९ प्रतिशत रहेको थियो।



त्यस्तै, समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ८.१७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.०२ प्रतिशत रहेको छ भने २०७८ भदौको तुलनामा २०७९ भदौमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत फलफूल, घ्यू तथा तेल, रेष्टुरेण्ट तथा होटल, मदिराजन्य पेय पदार्थ र तरकारी उपसमूहको मूल्यवृद्धि क्रमशः १७.२९ प्रतिशत, १४.५३ प्रतिशत, १२.३० प्रतिशत, १०.२४ प्रतिशत र ९.९४ प्रतिशत रहेको छ।

गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, स्वास्थ्य, फर्निसिङ्ग तथा घरायसी उपकरणहरु, शिक्षा र घरायसी उपयोगका वस्तुहरु उपसमूहको मुद्रास्फीति क्रमशः २३.४१ प्रतिशत, १०.५४ प्रतिशत, ९.२५ प्रतिशत, ८.११ प्रतिशत र ७.६९ प्रतिशत रहेको छ।

भदौंमा काठमाडौं उपत्यकामा ७.६२ प्रतिशत, तराईमा ९.३३ प्रतिशत, पहाडमा ८.८२ प्रतिशत र हिमालमा ६.६८ प्रतिशत मुद्रास्फीति रहेको छ। २०७८ भदौ महिनामा यी क्षेत्रहरुमा क्रमशः ३.२३ प्रतिशत, ३.६५ प्रतिशत, ३.९६ प्रतिशत र ३.५१ प्रतिशत मुद्रास्फीति रहेको थियो।

२०७९ भदौमहिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १४.०० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.११ प्रतिशत रहेको थियो।

समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १२.९१ प्रतिशत, १५.९३ प्रतिशत र ६.३६ प्रतिशत रहेको छ। समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि १९.३६ प्रतिशत रहेको छ।

त्यस्तै, २०७९ भदौमहिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.६४ प्रतिशत रहेको छ। सन् २०२२ सेप्टेम्बर महिनामा भारतको यस्तो मुद्रास्फीति ७.४१ प्रतिशत रहेको छ।

डलर बलियो हुँदा मूल्यवृद्धि

पछिल्लो समय डलरको भाउ झन्-झन् उचाइमा पुगेको छ। डलर बलियो भएसँगै नेपालमा मूल्य वृद्धि पनि हरेक महिना बढ्दो क्रममा रहेको छ।

भारतीय रुपैयाँ कमजोर भएर डलर बलियो हुँदै गएपछि त्यसको असर नेपाली रुपैयाँ पनि अहिलेसम्मकै कमजोर अवस्थामा पुगेको छ। अहिले १ अमेरिकी डलर साट्दा १३२ रुपैयाँभन्दा बढी खर्च गर्नुपरेको अवस्था छ। नेपाल आयातमा आधारित अर्थतन्त्र भएको हुँदा डलर महंगो हुँदै गएपछि नेपालमा भित्रिने सबै सामग्री पनि महंगो भएर मुद्रास्फितिमा वृद्धि भएको हो।

# तिहार आजदेखि शुरु

**काठमाडौं/मस–** प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि शुरु हुने नेपालीको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् तिहार आजदेखि शुरु भएको छ। कार्तिक कृष्ण त्रयोदशी तिथि परेकाले आज शनिबार बेलुकी यमदीपदान शुरु गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। यस वर्ष यमदीपदान आजदेखि शुरु हुने भए पनि काग तिहार कात्तिक ६ गते आइतबार परेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिए। बेलुकी त्रयोदशी तिथि परेका दिन यमदीपदान शुरु हुन्छ।



आइतबार बेलुकी ०५:०४ बजेसम्म त्रयोदशी तिथि छ। त्रयोदशीमा सूर्योदय भएका दिन काग तिहार मनाइन्छ। बेलुकी ०५:०४ बजेपछि चतुर्दशी तिथि लाग्छ। यसैले शनिबारदेखि नै यमपञ्चक सुरु हुने समितिले जनाएको छ। 'सायंकालमा त्रयोदशी भएका दिन यमदीपदान शुरु गर्नुपर्ने र प्रातः कालमा त्रयोदशी भएका दिन काग तिहार मनाउनुपर्ने शास्त्रीय व्यवस्थाअनुसार यस्तो निर्णय गरिएको हो', उनले भने।

यमपञ्चकका अवसरमा यमदीप दान गरे यमयातनाबाट मुक्ति पाइने शास्त्रीय मान्यता छ। यसैगरी धनत्रयोदशी (धनतेरस) पर्व पनि आजै परेको छ। धनवन्तरी जयन्ती भने कात्तिक ६ गते आइतबार परेको छ। तिथिको घटबढका कारण सोमबार कुकुर तिहार र लक्ष्मीपूजा सोमबार एकै दिन परेको समितिले जनाएको छ।

यमदीपदान परिवारका सदस्य संख्याका आधारमा गरिन्छ। यमदीपदान गर्दा दक्षिण फर्काएर गर्नुपर्ने धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताए। कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकाका दिनसम्म यमदीपदान गर्ने शास्त्रीय विधि छ।

कात्तिक ७ गते सोमबार अरुणोदयकालमा नरक स्नान गरेर बिहान कुकुर तिहार पर्व मनाइन्छ। बेलुकी लक्ष्मीपूजा गर्नुपर्ने समितिका अध्यक्ष अधिकारीले बताए। सोमबार बिहान अरुणोदयकालअघि अपामार्गसहित स्नान गरिन्छ। यसलाई नरक स्नान भनिन्छ। यस दिन बिहान विधिपूर्वक स्नान गरेर बत्ती बालेर नदीमा बगाउनाले नरकको यातना सहनु नपर्ने शास्त्रीय मान्यता छ। गाईपूजा कात्तिक ८ गते मङ्गलबार परेको छ। गोरुपूजा, हलितिहार, गोवर्द्धनपूजा, बलिपूजा र आत्म (म्ह) पूजा कात्तिक ९ गते बुधबार परेको छ। कार्तिक शुक्ल प्रतिपदाका दिन गाई, गोरु, गोवर्द्धन र आत्म (म्ह) पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको छ। प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचनअनुसार नेपाल संवत् ११४३ पनि यसै दिनदेखि शुरु हुन्छ।

## आठ सय चालिस बोरा चिनी बरामद



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ४ कात्तिक

पश्चिम नवलपरासी सशस्त्र प्रहरी बलले ८ सय ४० बोरा चिनी बरामद गरेको छ। पश्चिम नवलपरासी सशस्त्र प्रहरी बल नेपाल बिओपी हरपुरबाट सशस्त्र प्रहरी निरीक्षक सुरेन्द्र बहादुर बोहराको कमाण्डमा खटिएका टोलीले भारतबाट राजश्व छलेर ल्याइएको ८ सय ४० बोरा चिनी नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरी बल नेपाल बेलासपुर २६ नम्बर गणका सूचना अधिकारी केशव थापाका अनुसार परासी भैरहवा हुलाकी सडकबाट ना ६ ख २१९७ र लु १ ख ९८७१ नम्बर ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

बरामद भएको चिनी र ट्रकलाई आवश्यक आबश्यक कारबाहीको लागि महेशपुर भन्सार कार्यालयमा पठाइएको प्रहरीले जनाएको छ।

# विद्यार्थीलाई पोशाक वितरण

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ कात्तिक

रौतहट फतुवा विजयपुर नगरपालिका नडा नम्बर २ सितलपुरस्थित श्री दलित प्राथमिक विद्यालयका विद्यार्थीलाई पोशाक वितरण गरिएको छ।




वडा अध्यक्ष अनिरूद्र राय यादव (संजय)ले शुक्रबार एक कार्यक्रमकाबीच विद्यालयमा अध्ययनरत २६५ जना विद्यार्थीहरुलाई पोशाक वितरण गरेका हुन्।

वडा अध्यक्ष यादवको पहलमा प्राप्त छात्रावृत्तिमार्फत विद्यार्थीहरुलाई पोशाक वितरण गरिएको विद्यालयका प्रधानाध्यापक श्रीनारायण साहले जानकारी दिए। अन्य विद्यार्थीहरुलाई क्रमशः पोशाक वितरण गरिने उनले बताए।

आर्थिक रूपमा विपन्न विद्यार्थीका अभिभावकलाई राहत पुग्ने वडा अध्यक्ष यादवले बताए। कार्यक्रममा वडा अध्यक्ष यादवसँगै विद्यालयका प्रधानाध्यापक नारायण साह, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवजी प्रसाद कुशवाहा, ब्रह्मदेव राय यादव, जियालाल महतो, शिक्षकशिक्षिका, गाउँका भद्रभलादमीहरूको उपस्थिति रहेको थियो।

## दोस्रो मेलम्ची मेयरकप व्याडमिन्टन प्रतियोगिता : नगरस्तरीय खेल सम्पन्न

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ४ कात्तिक



मेलम्चीमा जारी जिल्ला स्तरीय दाश्रो मेलम्ची मेयर कप व्याडमिन्टन प्रतियोगिता अन्तर्गत शुक्रबार मेलम्ची नगरस्तरीय प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा सिनियरतर्फ राजन श्रेष्ठ र राजु सापकोटाको जोडि पहिलो, कुमार सापकोटा र अनिश दुलाल दोश्रो तथा रुद्रशरण श्रेष्ठ र सुदर्शन दुलाल तथा राजनमान श्रेष्ठ र शैलेश खड्काको जोडिले तेस्रो स्थान प्राप्त गरेका छन्।

त्यस्तै जुनियरतर्फ रोशन तिवारी र दिपराज तामाङको जोडि पहिलो, सन्तोष कोइराला र दिपक दुलाल दोश्रो, प्रकाश श्रेष्ठ र क्रान्ती तामाङ तथा हरिकृष्ण दुलाल र नारायण सापकोटाको जोडि तेश्रो भएको मेलम्ची व्याडमिन्टन एकेडेमीका सचिव ऋषिराम नेपालले जानकारी दिए। प्रतियोगितामा दुवै तर्फका पहिलो दोश्रो र तेश्रो हुनेले क्रमशः १५ हजार ५ सय ५५, १० हजार ५ सय ५५ र ५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गर्ने नेपालले जानकारी दिए। प्रतियोगितामा शनिबार जिल्ला स्तरीय प्रतिस्पर्धा हुनेछ। कार्यक्रमको शुक्रबार बिहान वडा नम्बर ११ का वडा अध्यक्ष चन्द्रबहादुर तामाङले उद्घाटन गरेका थिए। आइतबार नगर प्रमुख आइतमान तामाङले समापन गर्नेछन्।

### गठबन्धनकै ...

छ', देउवाले भने, 'चुनावपछि गठबन्धनकै सरकार बन्ने हो,यो १०-२० वर्षसम्म जानसक्छ।' टिकट नपाएर असन्तुष्ट बनेकाहरुलाई लक्षित गर्दै देउवाले टिकट नपाएकाहरुलाई संघीय र प्रदेश सरकारमा धेरै ठाउँमा अवसर हुने आश्वासन पनि दिए। साथसाथै, गठबन्धनका विषयमा शंका उपशंका गर्ने गराउने अवस्था आउन नदिन देउवाले बारम्बार आग्रह गरे।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि चुनावपछि गठबन्धन सकिन्छ भन्ने भ्रममा नपर्न सत्तारुढ दलका नेता कार्यकर्तालाई आग्रह गरे। 'यो गठबन्धन खाली निर्वाचन जित्न बनाइएको होइन। यदि त्यसरी बुझियो र लिइयो भने यो गठबन्धनको ऐतिहासिक आवश्यकतालाई, लोकतन्त्रको रक्षा, गणतन्त्रको रक्षा, राष्ट्रको रक्षा, समानुपातिक समावेशीको रक्षाको विषयलाई अवमूल्यन गरेको ठहर्छ' उनले भने।

यो चुनावमा सत्तारुढ गठबन्धन विजयी भएर मात्र नपुग्ने भन्दै प्रचण्डले 'प्रतिगमन'को खतरा रहँदासम्म गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताए। 'हामी कसैले के नसोचौं भने चुनाव सकिएपछि गठबन्धन सकिन्छ, अनि मेरो पार्टीलाई जिताउँछु अरु जेसुकै गरुन् भन्ने नसोचौं। त्यसरी सोच्यो भने आत्मघाती हुनेवाला छ' प्रचण्डले भने, 'हामी एउटै डुङ्गामा छौं, जिते सबैले जित्ने र हारे सबैले हार्नेवाला छौं।' यसअघि सत्ता गठबन्धनका शीर्ष नेताहरुले काठमाडौं र ललितपुरमा पनि यस्तै प्रशिक्षण कार्यक्रम आयोजना गरेका थिए।

सत्ता गठबन्धन निरन्तर विपक्षीमाथि टिप्पणीमा उत्रिरहेका बेला विपक्षी एमालेको शीर्ष नेतृत्व पनि चुप बसेको छैन्। बरु फरक तरिकाबाट जनतासँग नजिकिएर लचुनावी प्रचार गरिरहेको छ र जनता समाजवादी पार्टी (जसपा), राप्रपा लगायतका दलहरुको साथमा सबैभन्दा ठूलो पार्टी बन्ने र सरकार बनाउने दाबी गरिरहेको छ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली ४ मंसिरको चुनावमा जनताले गर्ने महाफैसला सही हुनुपर्ने बताउँछन्। लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, नेपालले शुक्रबार काठमाडौंमा गरेको कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले राजनीतिक कोर्स सच्चिनुपर्नेमा जोड दिए। 'अदालत सदालत धेरै बसे। सरकार हटाए। त्यो सबै सच्याउने गरी जनताको महाअदालत ४ गते बस्दैछ। त्यसले महाफैसला गर्नेछ। त्यो महाफैसला सही हुनु पर्दछ। सही फैसला गर्न, गराउन साथीहरु लाग्नुस्' ओलीले भनेका छन्। उनले आफ्नो नेतृत्वको अघिल्लो सरकारले अरु पार्टीले २० वर्षमा गर्न नसकेको काम ३ वर्षमै गरेर देखाएको दाबी पनि गरे।

अर्थात, दुबै गठबन्धनका शीर्ष नेताहरुको र स्वमं उम्मेदवार हरुको सार्वजनिक अभिव्यक्तिले उम्मेदवारहरू चुनावी नतिजाका लागि गठबन्धनकै डर र गठबन्धनकै भरमा रहेको देखाउँछ। सत्ता गठबन्धन्धनमा कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा लगायतका दलहरु छन्। एमाले नेतृत्वको विपक्षी गठबन्धनमा जसपा, राप्रपा, राप्रपा नेपाल लगायतका दलहरु छन्।

### रोकिएन...

मतदाता प्रभावित पार्ने उद्देश्यले फ्री भिसा, फ्री टिकट उपलब्ध गराउने भाषण गरेको सम्बन्धमा निर्वाचन आयोगले कारवाहीका लागि रौतहट प्रहरीलाई पत्राचार समेत गरेको थियो। रौतहटमा भाषण गर्ने क्रममा 'विना ढेउवाके टिकट मिल्ते हैं, विना ढेउवाके भिसा मिल्ते हैं' भन्दै भाषण गरेको अडियो सार्वजनिक भएपछि उनीमाथि कारबाहीको प्रक्रिया अघि बढेको हो। यद्यपि, केही समय अघि प्रधानमन्त्रीपत्नी एवं समानुपातिक उम्मेद्वार आर्जु राणा देउवाले पनि निर्वाचन क्षेत्रमा फ्रि भिसा र टिकट दिने बताएपछि उनलाई पनि आयोगले स्पष्टीकरण सोधेको थियो।

त्यस्तै, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि मतदाता प्रभावित पार्ने गरि बाजागाजा सहित निर्वाचन क्षेत्र पुगेको भन्दै उनलाई स्पष्टीकरण सोधिएको थियो। आयोगले नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मालाई पनि २४ घण्टे स्पष्टीकरण माग गरेको छ। उनकै निर्वाचन क्षेत्रका आगलागी पीडित केवल निरौलाको घर निर्माणको लागि अमेरिकाबाट मुनिन्द्र नेम्वाङको नेतृत्वमा जम्मा भएको २ लाख ५० हजार निरौला र उनका बुबालाई हस्तान्तरण गर्दै गरेको फोटो सार्वजनिक भएपछि स्पष्टीकरण माग भएको हो।

त्यस्तै, मकवानपुरका उम्मेद्वारहरु बिरोध खतिवडा र इन्द्र बानियाँले पनि पैसा बाँडेर मतदाता प्रभावित पार्न खोजेको भन्दै आयोगले स्पष्टीकरण माग गरेको छ। केही समयअघि शहरी विकासमन्त्री मेटमणि चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा विपद् पीडितलाई सामाग्री बाँडेको विषयमा पनि आयोगले स्पष्टीकरण सोधेको थियो। निर्वाचन आचारसंहिता २०७९ को परिच्छेद २ को दफा ४ (न) मा कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्नेगरी कुनै कार्य गर्न नहुने उल्लेख गरेको छ। मतदाता प्रभावित पार्न प्रलोभन देखाएको पुष्टि भएमा १ लाखसम्म जरिवाना वा दुई वर्ष कैद हुने व्यवस्था निर्वाचन (कसूर तथा सजाय) ऐन २०७३ मा उल्लेख छ। तरपनि, अरुलाई नियम सिकाउने नेताहरु पटक पटक आचारसंहिता विपरितका काम गरेर बदनाम भईरहेका छन्।

### चुनावी...

निर्वाचन हुँदैछ। आयोगका अधिकारीहरुका अनुसार आयोगले मानव अधिकारका दृष्टिले चुनावलाई नजिकबाट नियाल्नेछ।

### राजु ...

प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार हुन नपाउने दृष्टिकोण दिएको हो।

आदेशमा भनिएको छ, 'निवेदक राजु गुरुङले २०७४ सालमा कालो सूचीमा राखिएको कुरालाई लिएर कुनै कानूनी उपचार प्राप्त गरेको भन्ने पनि देखिएन। कालोसूची कायम रहेको भन्ने देखियो।' कालोसूचीमा नाम समावेश रहेको सम्बन्धी अयोग्यता कायम रहेको देखिँदा निवेदक राजु गुरुङ प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन पाउने अवस्था नदेखिएको आदेशमा उल्लेख छ। 'कालो सूचीमा नाम कायम रहेका व्यक्तिले उल्लिखित निर्वाचनमा उम्मेदवार हुन नपाउने भएकाले निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन' आदेशमा भनिएको छ।

दुबै पक्षसँगको छलफलपछि शुक्रबार न्यायाधीश खतिवडा र रेग्मीको इजलासले गुरुङ २०७४ सालदेखि कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको र त्यसमा कुनै कानुनी उपचार प्राप्त नगरेकाले कालो सूचीमा कायम रहेको देखिएको र उम्मेदवार हुन नमिल्ने ठहर गरेको हो। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ (ज) मा कालोसूचीमा रहेको व्यक्ति त्यस अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था छ।

सर्वोच्च अदालतको यो आदेशसँगै रुपन्देही-२ मा सत्तारुढ गठबन्धनको उम्मेदवारबिना नै चुनावी प्रतिस्पर्धा हुने भएको छ। यसले एमाले उम्मेदवार एवं पूर्वअर्थमन्त्री विष्णु पौडेललाई सहज बनाएको छ। स्थानीय नेताहरुका अनुसार रुपन्देही-२ मा सत्तागठबन्धनका साझा उम्मेदवार राजु गुरुङको उम्मेदवारी खारेज भएसँगै विपक्षी एमालेका उम्मेदवार पौडेललाई राहत मिल्ने भएको हो। किनभने, पौडेलका प्रतिस्पर्धीहरूमा कांग्रेस, माओवादी केन्द्र र नेकपा एककिृत समाजवादीका उम्मेदवार छैनन्।

### श्रमका...

नै प्रत्यायोजित गरिएको थियो। तर श्रम स्वीकृतिका लागि अनिवार्य मानिएका स्वास्थ्य परीक्षण तथा अभिमुखीकरणसम्बन्धी संस्था नगएपछि कार्यान्वयनको गति भने सुस्त हुँदा भैरहवाबाट वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा वृद्धि हुन सकेको थिएन। अहिलेसम्म पनि कतार भिसा सेन्टर काठमाडौंमा मात्रै सीमित छ।

विभागले क्षेत्रीय कार्यालयलाई स्थानीय तहमा विज्ञापन गरे-नगरेको अनुगमन गर्ने अधिकार पनि रहेको बताएको छ। ती कार्यालयले व्यक्तिगत श्रम स्वीकृति दिने, म्यानपावर कम्पनीका शाखा कार्यालयहरूको अनुगमन तथा निरीक्षण गर्ने अधिकार पनि पाएका छन्।

### रेमिट्यान्स ...

अघिल्लो वर्ष यस्तो आप्रवाह पाँच दशमलव तीन प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या एक सय ७० प्रतिशतले वृद्धि भई एक लाख तीन हजार आठ सय ९८ पुगेको छ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ७० दशमलव छ प्रतिशतले वृद्धि भई ३९ हजार एक ८९ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या चार सय २९ दशमलव पाँच प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा खुद ट्रान्सफर १९ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु दुई खर्ब छ अर्ब ४६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर छ प्रतिशतले घटेको थियो।

कतारमा रोजगार
कम्पनी: RN CONTRACTING & SERVICES
शहर : QATAR

पुर्व स्वीकृत मितिः २०७९/०५/.२८ चलानी नं.: ६०१८७६७७ L.T. No.: 271851 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | स. काममा दक्ष | 1700 | ५८,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक १४ गते (31 Oct. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

अल-हरमैन एच.आर. प्रा. लि.
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

मलेसियामा रोजगार
१. कम्पनी : ZINS SECURITY SERVICES SDN. BHD..
शहर: SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०२/१७ चलानी नं.: ६०१७००४६ LT. No.:263966 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : KAWALAN ASAS JAYA SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६२१ LT. No.:263315 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 9 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक १२ गते (29 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Growth Process International Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 015904622, Fax: 4383347
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी: PUBLIC PACKAGES (NT) SDN BHD शहर:NIBONG TEBAL

पूर्व स्वीकृत मिति: २०७९/07/04 चलानी नं.: ६०१८९८30 LT. No.: 274101

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foctory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक १४ गते (31 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Morgen Global Hr Consultancy Pvt. Ltd.
श्रम इजाजत पत्र नं. २११/०५७/०५८
Maharajung, Kathmandu, Nepal, Email: admin@morgenglobalhr.com
Tel.: 4416085, 4419885, Mob.: 9843817530, 9823275417

# गठबन्धनलाई बागीको चुनौती





**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, ४ कात्तिक

कर्णाली प्रदेश सरकारका पूर्व मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्ध नेकपा माओवादीकै बागी उम्मेदवार कासिचन्द्र बराल चुनावमा भिड्ने भएपछि कालीकोटको राजनीतिक कोर्ष कसरी अगाडि बढ्ला भन्नेबारेमा अहिले चासोको विषय बनेको छ।

पूर्व मुख्यमन्त्री शाहीविरुद्ध बागी उम्मेदवार दिएका बराल रास्कोट नगपालिकाको पूर्व नगरप्रमुख समेत हुन्। नेकपा माओवादीको आधार क्षेत्र मानिएको कालीकोटमा शाहीविरुद्ध स्वतन्त्र उम्मेदवार बराल चुनाव लड्ने भएपछि पाँच दलिय गठबन्दनका साझा उम्मेदवार शाहीलाई निकै चुनौति थपिएको छ। पार्टी भित्रकै बलियो उम्मेदवार बरालसँगै पूर्व मुख्यमन्त्री शाहीलाई नेकपा एमाले कालीकोटका प्रभावशाली नेता नगेन्द्र शाही नेश्नलसँग थप चुनौती देखिएको छ। यस्तै अर्को तर्फ नेपाली कांग्रेस कोइराला पक्षको पनि असहयोग हुने निश्चित जस्तै देखिन्छ। कोइराला पक्षमा नेता भुपेन्द्रजंग शाही लगायतका नेताहरु पनि गठबन्दनबाट असन्तुष्ट देखिएका छन्।

कोइराला पक्षाको वर्चश्व रहेको कालीकोटमा अधिकांश नेता कार्यकता असन्तुष्ट देखिन्छन्। यस्तै अर्को तर्फ गठबन्दन र मोओवादीकै प्रदेश सभामा लडेका बागी उम्मेदवारदेखि एक निर्वाचन क्षेत्र पाएको कांग्रेस पनि संशकित छ।

# अमेरिकी राजदूतद्वारा ओहोदाको प्रमाणपत्र पेश

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नेपालका लागि नवनियुक्त अमेरिकी राजदूत डिन थम्सनले ओहोदाको प्रमाणपत्र पेश गरेका छन्। शुक्रबार राष्ट्रपति कार्यालय, शीतल निवासमा आयोजित समारोहमा थम्सनले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष ओहोदाको प्रमाणपत्र पेश गरेका हुन्।



राजदूत थम्सनले नेपालका लागि राजदूतका रुपमा काम गर्न पाउनु सम्मानको विषय भएको बताका छन्। उनलाई उधृत गर्दै अमेरिकी दूतावासले भनेको छ। 'अमेरिका नेपाल साझेदारीको आगामी ७५ वर्षको सफलताले पछिल्लो ७५ वर्षका उपलब्धीलाई उछिन्नेछ भन्ने सुनिश्चित गर्न म नेपालको नेतृत्व र जनतासँग सहकार्य गर्न उत्सुक छु।'

# अवरुद्ध सडक खुलाउन जेसीबी लिएर पुगिन् उपाध्यक्ष

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ४ कात्तिक

अविरल वर्षाका कारण वडाखोलादेखि महाबु गाउँपालिकाको केन्द्र पुग्ने सडकखण्ड मर्मतको काम शुरू भएको छ। वर्षामा आएको बाढी पहिरोको कारण क्षतिग्रस्त भएको सो सडकको महाबु गाँउपालिकाले मर्मत गर्न शुरू गरेको हो। बिग्रिएको सडक मर्मतका लागि आफैं डोजरसहित महाबु गाउँपालिकाकी उपाध्यक्ष मञ्जु पाण्डे खटेकी हुन्।



उपाध्यक्ष पाण्डेले भनिन् जनताले गरेका विश्वासलाई टुट्न नदिन आफू लागी परेको बताइन्। जनताले विश्वास गरेर मत दिएर विजयी गराएको स्मरण गर्दै उपाध्यक्ष पाण्डेले जनताका आवश्यकता र समस्या सम्बोधन गर्न पालिका र आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बतनइन्। तिहारमा यातायात साधन सहजरूपले सञ्चालन गर्न सकिने गरी सडक मर्मतको काम थालिएको उनले बताइन्।' तिहारमा सहज रूपमा यातायात चल्ने बनाउन सकियो भने पनि स्थानीयलाई धेरै सजिलो हुन्छ', उनले भनिन्। जनताका सबै आवश्यकता पुरा गर्न स्थानीय स्रोत साधनले सम्भव नभए पनि साना र मन जित्ने काम जनप्रतिनिधिले गर्नु पर्ने स्थानीय हिक्मत पाण्डेले बताए।

# देवकोटा संग्रहालय परिसरमा वाङ्मय मूर्ति स्थापना गरिने

**काठमाडौं/मस-** नेपाल प्रज्ञा प्रतिष्ठानले काठमाडौं महानगरपालिका-३० मैतीदेवीस्थित लक्ष्मीप्रसाद देवकोटा संग्रहालय परिसरमा देवकोटा वाङ्मय मूर्ति स्थापना गर्ने भएको छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११४ औं जन्मजयन्तीका अवसरमा आयोजित व्यक्तित्व चर्चा तथा रचनावाचन कार्यक्रममा निमित्त कुलपति डा. जगमान गुरुङले देवकोटाका अध्यात्म एवं भारत र चीनबीचको मैत्री सम्बन्ध झल्कने वाङ्मय मूर्ति स्थापना गर्न लागिपर्ने प्रतिबद्धता गरेका हुन्। मुनामदनलाई चिनियाँ एवं तिब्बती भाषामा उल्था गर्ने र भारतका साहित्यकार सङ्ग्रहालय परिसरमा ल्याएर अन्तरक्रिया गरिने उनको भनाइ थियो।




कार्यक्रममा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाले संग्रहालयमा देवकोटाका बारेमा विभिन्न विश्वविद्यालयबाट भएका शोध प्रबन्ध ल्याएर राख्नुपर्ने बताए। सङ्ग्रहालयलाई समृद्धशाली बनाउन सबैको सहयोग आवश्यक पर्ने उनको भनाइ थियो।

पूर्वकुलपति गंगाप्रसाद उप्रेतीले धोबीधारास्थित देवकोटा जन्मिएको घरलाई पनि संग्रहालय बनाउन लाग्नुपर्नेमा जोड दिए। पुरातत्व विभागको समन्वयमा देवकोटा संग्रहालय पहिलेकै घरको स्वरुपमा बनाइएको उनले जानकारी दिए।

प्रतिष्ठानका पूर्वसदस्य सचिव प्रा.जगतप्रसाद उपाध्यायले देवकोटालाई सूर्यविक्रम ज्ञवालीले पहिलोपटक महाकवि उपाधि दिनुभएको सुनाए। प्राज्ञ प्रा.डा.उषा ठाकुरले देवकोटाको भारतीय साहित्यकारसँगको सम्बन्धका बारेमा प्रकाश पारेकी थिइन्।

कार्यक्रममा निमित्त सदस्य सचिव प्रा.डा.हेमनाथ पौडेल, प्राज्ञ प्रा.डा देवी नेपाल, महानगरपालिका-३० का अध्यक्ष दलबहादुर कार्की, देवकोटाकी छोरी अम्बिकादेवी रिमाल, साहित्यकार रामेश्वर राउत मातृदास र गोविन्द गिरि प्रेरणालगायतले देवकोटाको व्यक्तित्व र कृतित्वका बारेमा जानकारी गराएका थिए। सो अवसरमा कवयित्री मञ्जिला, कवयित्री देवु लुइँटेल, कवि बलराम दाहाललगायतले देवकोटाका कविता वाचनसमेत गरेका थिए। विसं १९६६ कात्तिक कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन जन्मिएका देवकोटाको जन्मजयन्ती साताव्यापीरुपमा मनाउने क्रममा शुक्रबार कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानले जनाएको छ।

# पाल्पाको माथागढीमा बौलाहा कुकुरको आतंक

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ४ कात्तिक

पाल्पाको माथागढी गाउँपालिकाका विभिन्न स्थानमा बौलाहा कुकुरको बिगबिगी बढेको छ। यस क्षेत्रका चिदीपानी, रुप्से र कसेनी लगायतका स्थानमा बौलाहा कुकुरले मानिस र पशु चौपायलाई टोक्ने गरेको स्थानीयहरुले बताएका छन्। माथागढी १ को चिदीपानी बाहाखोक, कुनाबारी, ढकालकुना, दोहोरा, सोले खहरे, सराइ आसपासमा बौलाहा कुकुरले टोकेर २८ जना घाइते भएको वडाअध्यक्ष राजकुमार पन्थीले मध्यान्हलाई जानकारी दिए।



केही दिनदेखि बौलाह कुकुरले घरगोठमा रहेको पशुचौपायालाई समेत आक्रमण गर्दे आएको र अहिले बौलाहा कुकुरले गर्दा यस क्षेत्रमा हिँडडुल गर्नै नहुने अवस्था भएको अध्यक्ष पन्थीको भनाइ छ। वडा अध्यक्ष पन्थी र कसेनिका वडा सदस्य मानबहादुर रानाले कुकुरको टोकाइबाट घाइतेलाई समन्वय गरेर पाल्पा जिल्ला अस्पताल, मिसन अस्पताल पठाइएको छ। केही दिन सो क्षेत्रमा नागरिक तथा स्थानीयवासीलाई सचेत र सतर्क रहन माथागढी गाउँपालिकाले अनुरोधसमेत गरेको छ। बौलाहा कुकुरको आतंक रहेका कारण सतर्क रहन अनुरोध गर्दै वडाध्यक्ष पन्थीले बौलाहा कुकुरको बिगबिगी रोक्न आवश्यक पहलकदमी भइरहेको र चाँडै नै समाधान हुने जानकारी दिए।

# उपत्यकामा ९ बजेपछि देउसी-भैलो खेल्न नपाइने



**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा ९ बजेपछि देउसी-भैलो खेल्न नपाइने भएको छ। काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीहरूको शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको हो। साँझ ९ बजेभन्दापछि देउसी-भैलो खेल्न नदिने निर्णय गरिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले बताए।

त्यस्तै, उपत्यकामा पटाका लगायतका प्रज्वलनशील बस्तु पड्काउन निषेध गरिएको छ। आतिसबाजी गर्न र पटाका नपड्काउन सवैमा जानकारी गराउने र सूचना अवज्ञा गरेमा कडा कारबाही गरिने निर्णय गरिएको प्रजिअ अधिकारीले जानकारी दिए। आतिसबाजी नगर्न र पटाका नपड्काउन शनिबार बिहानबाट माइकिङ गरिने काठमाडौंका एसएसपी भरत बोहराले बताए। स्थानीय प्रशासनले दियो र मैनबत्ती बाल्दा सचेतना अपनाउन आग्रह गरेको छ।

# गोप्य रुपमा अश्लील भिडियो खिच्ने होटल म्यानेजर पक्राउ

**काठमाडौं/मस-** लजमा बस्न आउने पाहुनाहरुको गोप्य रुपमा अश्लील भिडियो रेकर्ड गरेको आरोपमा एकजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा काठमाडौंको बाँसबारीस्थित बाँसबारी रेष्ट्रो क्याफे एण्ड लजका म्यानेजर चन्द्रागिरि घर भएका ४२ वर्षका मुकेश माली रहेका छन्।

उनले लजमा बस्न आउने पाहुनाहरुको गोप्य रुपमा अश्लील भिडियो रेकर्ड गर्ने गरेको भन्ने सूचना प्राप्त हुन आएपछि प्रहरी वृत्त महाराजगञ्जबाट टोली खटिएको थियो। त्यो टोलीले होटलमा पुगेर पालको मोबाइल जाँच गर्दा मोबाइलमा होटलमा बसेका विभिन्न व्यक्तिहरुको भिडियो फेला पारेपछि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीले उनको साथमा रहेको आइफोन १२ प्रो म्याक्स पनि बरामद गरेको छ।

मालीमाथि मुलुकी अपराध संहिता २०७४ को परिच्छेद-५ को 'सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर' अन्तर्गत दफा ११८ 'अभद्र व्यवहार गर्न नहुने' मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट ५ दिनको म्याद थप गरी प्रहरी वृत्त महाराजगञ्जबाट थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सुचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०४/०९ मा दर्ता कायम भएको **अभियान प्रोडक्टस एण्ड सप्लायर्स प्रा.लि. (दर्ता.नं. ६४३६७/०६६/०६७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०६/२४ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।
**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सुचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०९/०७ मा दर्ता कायम भएको **रोशन सर्जिकल्स प्रा.लि. (दर्ता.नं. १२९९२९/०७१/०७२)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०६/१४ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।
**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**Narayan Municipality**
**Office of the Municipal Executive**
**Dailekh, Karnali Province**

**Invitation For Bids**

**Notice No. 10/2079-080**
**First Date of Publication: 2079/07/04 (21 October 2022)**

1. Narayan Municipality, Office of the Municipal Executive invites Online bids under e-procurement system from Nepalese eligible bidders for the following procurement as shown in the table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Narayan Municipality, Office of the Municipal Executive, Dailekh, Phone no: 089-410135. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding documents is available in online and can be downloaded from eGP system http://www.bolpatra.gov.np/egp. Interested bidder should register in the e-GP system and should deposit the cost 3000 Nrs of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank**
   **Name of Office : Narayan Municipality**
   **Office Code no. : 801066704**
   **Office Account No. : 4010100301010002**
4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 12:00 noon on 2079-08-05.
5. Online bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2079/08/05 at the office of Narayan Municipality, Office of the Municipal Executive, Dailekh. Bids must be valid for a period of 3 months after bid opening and must be accompanied by a bid security, amounting to a minimum of as shown in the table below and scanned copy of the bid security in PDF format should be upload in e-GP system during bid Submission, which shall be valid for 30 days beyond the validity period of the Bid .
6. If the office happens to be closed on the date of opening of the bids as specified, The bids will be opened on the next working day at the same time and venue.
7. The Employs reserves the right to accept or reject, wholly or partly all the bids without assigning the reason, whatsoever.
8. Bidders are advised to visit site and assess the actual site condition before submitting their bid.
9. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act (PPA), 2063/Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese laws.

| S. N | Name of The Project | Contract Identification no. | Estimated Amount (Including VAT & Contaengency) | Bid Security Amount | Bid Document Amount | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | Rampur Nayagawn Bijaura Bhanbhaney Raod Upgrading works | NCB/NM/079 -080/Works/10 | 1,26,77,527 | 3,17,000.00 | 3,000 | 2079/08/05, 12:00 Noon |

**Chief Administrative Officer**

कथा

# पुरानो मोबाइल

बुवाको भित्रभित्र मनमा लाग्यो, "यो ठूलो मोबाइल किनें भने, नातिले लिएर चलाइरहन्छ । बेकारमा नातिको बानी मात्र बिग्रिन्छ । यही मोबाइल त कहिलेकाहीँ ट्याँट्याँ, टुइँटुइँ गरिरहन्छ । छोराले दुबईबाट नभनेको नि होइन । तर, पनि किन्न मन लागेन । बिनासित्ति किन पैसा खर्च गर्नु ?"



■ डा. राजेन्द्र कोजु

"हेर त बाबु, यो मोबाइल एकपटक के भएको रहेछ ?" शिरमा अलि पुरानो ढाका टोपी, काँधमा गलबन्दी भिरेका अधबैंसे पुरुषले सोधे ।

मोबाइल पसलमै मोबाइल मर्मत गर्ने पनि सुबिधा छ। एकजना २०/२२ वर्षे केटा र एकजना केटी पसलको काउन्टरमा अग्लो स्टुलमा बसेर टाउको झुकाउँदै आ-आफ्नै मोबाइलमा व्यस्त थिए। पसलको दाहिने कुनामा सिसाले बारेर बनाएको सानो काउन्टरभित्र मोबाइल मर्मत गर्ने टेबल छ। दुईजना केटाहरू मोबाइल बनाउन व्यस्त छन् ।

बिस्तारै टाउको उठाउँदै करिब ३० वर्षे केटाले भने "खोइ दिनुस् त बा ।"

अंक थिचेर डायल गर्नुपर्ने पुरानो मोबाइल, सिसाको प्वालबाट हात छिराउँदै दिन खोजे ।

पुरानो मोबाइल देख्ना साथै भनें "बा यो बन्दैन ।"

"किन बाबु ?"

"यहाँ टचस्क्रिन नयाँ मोबाइल मात्रै मर्मत हुन्छ । यो पुरानो सामान पनि पाउँदैन, बन्न पनि गाह्रो हुन्छ"

"एकपटक कोसिस गरिदेऊ न बाबु । यो बिग्रेदेखि कुरै गर्न पाइन ।"

उता सेल्स काउन्टरमा बसिरहेको केटोले भने "बा नयाँ किन्नुस् ।"

बाले पुलुक्क हेरें, तर चुप लागेर सुने ।

"बाबु एकपटक खोलेर त हेरिदेऊ । बन्न सक्छ कि ?"

मोबाइल बनाउँदै गरेको केटोले टाउको नउठाईं, बनाउँदै गरेको मोबाइलमै हेर्दै, हात सिसाको प्वाल तिर तन्काए । बाले मोबाइल हातमा राखिदिए । हातले मोबाइल लिएर थपक्क साइडमा राखेर, आफ्नै काममा व्यस्त भए । बा एकछिन पर्खेर बसे ।

"बा नयाँ किन्नुस् न । सस्तो सस्तोमा राम्रो राम्रो मोबाइल छ।" काउन्टरकी केटीले हेर्दै भनिन्।

"नानी, यही मोबाइल बने अर्को किन चाहियो नि ? कुरा गर्न भैहाल्छ ।"

"नयाँ मोबाइलमा भिडियो हेर्न मिल्छ, अनुहार हेरेर कुरा गर्न मिल्छ, गीत सुन्न मिल्छ, धेरै कुरा गर्न मिल्छ नि बा ।" केटीले मुस्काउँदै बालाई मोबाइलको महत्व सम्झाउन कोसिस गरिन् ।

"होस् नानी, मलाई त्यो सप्पै गर्न नि आउँदैन। कुरा गर्न पाए पुगिगो ।" बाले यत्ति भने ।

बाको आँखा मोबाइल बनाउने टेबल वरिपरि घुमे । आठ/दश वटा, आफ्नोभन्दा ठूलो मोबाइल छरपस्ट थिए । कुनै खोलेर राखेका, कुनै त्यत्तिकै ।

बालाई थाहा नभएको होइन, ठूलो मोबाइलमा केटाकेटी किन झुमिन्छन् भनेर । कोही गेम खेल्न, कोही फोटो खिच्न, कोही भिडियो बनाउन, कोही कसले के फोटो राख्यो, के भन्यो भनेर बुढी औंला चलाउँदै हेर्न । यो मोबाइलले गर्दा न कसैसँग केही कुरा, न कसैलाई केही सहयोग ! न कोहीसँग भौतिक खेल खेल्ने, न केही काम गर्ने । ढाड बङ्ग्यायो, आँखा टँसायो, औंला चलायो, फिस्सफिस्स हाँस्यो, बस् !

भित्रभित्र मनमा लाग्यो पनि । यो ठूलो मोबाइल किनें भने, नातिले लिएर चलाइरहन्छ । बेकारमा नातिको बानी मात्र बिग्रिन्छ । यही मोबाइल त कहिलेकाहीँ ट्याँट्याँ, टुइँटुइँ गरिरहन्छ । छोराले दुबईबाट नभनेको नि होइन । तर, पनि किन्न मन लागेन । बिनासित्ति किन पैसा खर्च गर्नु ?

"यत्रो विधि मोबाइल बिग्रेर बनाउन ल्याएका ?" बालाई उत्सुकता जागेर सोधे ।

मोबाइल बनाउने केटोले पुलुक्क हेरे मात्र, बोलेनन् ।

त्यत्तिकैमा दुई जना केटाहरू पसलमा आए ।

"नयाँ मोबाइल कुन आ' छ ?" एउटाले सोधे।

एकपछि अर्को नयाँ सेट सोकेशमाथि राख्दै भने।

"यो ब्राण्डमा क्यामेरा एकदम राम्रो छ, यसको टच पहिलेभन्दा भिन्नै छ, यसको साउण्ड सिस्टम गज्जबको छ।" यस्तै यस्तै धेरै कुराहरू प्रस्ट्याउँदै गए, पसलकी केटीले ।

केटाले साथीलाई सोधे, "तेरो अहिले चलाइराखेकै राम्रो छ नि, किन फेर्नुपर्‍यो अहिल्यै ?"

"ह्या, अलि ह्याङ हुन थाल्यो के ।"

"चल्न त चलिराख्या छ नि ।"

"चल्या त छ ।"



